मितिः २०८२/१२/२४
ने.सं. ११४६ चौलागा ५

विषयः रिक्त पदमा स्थायी शिक्षक सरूवासम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

अर्घाखाँची जिल्ला, मालारानी गाउँपालिका अन्तर्गत श्री मूल आधारभूत विद्यालय, मालारानी-८, मूलकोचौरमा अन्यत्र विद्यालयमा सरूवा भएको कारण रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरूवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.४३, मिति २०८२/१२/२४ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावली, (संशोधन सहित) २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना smoolbasic2045@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।
३. दरखास्त पेश गर्ने अन्तिम म्यादको दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदापछि विद्यालय खुलेको दिन विद्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।
४. सोधपुछको लागि विद्यालयका प्रधानाध्यापकको सम्पर्क नं ९८४७१३०७०४ रहेको छ ।

२०८२/१२/२४
रमेश पन्थी
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची ।
श्री मूल आधारभूत विद्यालय, मालारानी-८, मूलकोचौर, अर्घाखाँची ।